★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

([illegible])
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति:२०७१/०३/२५

## प्रेस विज्ञप्ति

नेपाल विद्यार्थी संघ गुणस्तरीय शिक्षा तथा सबल शिक्षा प्रणालीको पक्षमा उभिदै आएको कुरा सर्वविदितै छ। शिक्षा प्रणालीको महत्वपूर्ण अंगका रूपमा परीक्षा प्रणाली पर्दछ।विश्वविद्यालयले संचालन गर्ने हरेक परिक्षा मर्यादित र विश्वसनीय हुनुपर्छ भन्ने नेविसंघको ठहर छ तर पछिल्लो समय नेपालको शैक्षिक धरोहरको रूपमा स्थापित त्रिभुवन विश्वविद्यालयले विद्यार्थी जगतको भविष्यमाथी चरम लापरवाही गर्दै "सेन्टर फर एक्सलेन्स" भन्ने आफ्नै नारालाई समेत गिज्याउँदै गैरजिम्मेवार पूर्ण तरिकाले परीक्षाजस्तो संवेदनशील कुरामा कहिले नीजी कलेजहरूको सेटिङमा प्रश्नपत्र बिक्री गर्ने, कहिले हुबहु प्रश्नपत्र दोहोर्याउने त कहिले अर्कै विषयको प्रश्नपत्र वितरण गरी विद्यार्थीको मनोभावनामा गम्भीर आघात पुर्याउने काम भइरहेको छ।

यही सन्दर्भमा त्रिभुवन विश्वविद्यालयले २२ असार (गत बुधवार) मा व्यवस्थापन संकायअन्तर्गतको बीबीए छैटौं सेमेस्टरका लागि लिएको परीक्षा 'एमजीटी २०३ : अर्गनाइजेसन बिहेभियर' को प्रश्नपत्र मोडेल नेपाल कलेजले 'प्रिबोर्ड' का लागि लिएको प्रश्नपत्रसँग हुबहु मिलेको तथ्य बाहिरिएको छ। आज २०७१-०३-२५ गते शनिबारको BBA छैटौं सेमेस्टरको नेपालि सोसाइटी एण्ड पोलिटिक्स (SOC-202) विषयको परीक्षामा पाचौं सेमेस्टरको सोसोलोजिको प्रश्नपत्र सोधिएको छ।

त्रिभुवन विश्वविद्यालयको यो गैरजिम्मेवार, हाँस्यास्पद तथा लापरवाहीपूर्ण कदमप्रति नेपाल विद्यार्थी संघ, केन्द्रीय कार्यसमितिको गम्भिर ध्यानाकर्षण भएको छ। त्रिभुवन विश्वविद्यालयले गरेको यस प्रकृतिको कुकर्म पहिलो भने होइन। यसअघि गत जेठमा एमए तेस्रो सेमेस्टरको 'पब्लिक इकोनोमिक्स' र प्रथम सेमेस्टरको 'इन्टरनेसनल पोलिटिक्स' विषयका प्रश्नपत्रहरू गत वर्षकै हुबहु दोहोर्याइएको थियो। उक्त घटनाको छानबिन गर्न गठित छानबिन समितिद्वारा तयार पारिएको प्रतिवेदन आजसम्म सार्वजनिक नगर्नु, दोषीलाई उन्मुक्ति दिने षड्यन्त्र गर्नु, पटकपटक परीक्षा प्रणालीको विश्वसनीयतामाथि प्रहार गरिरहनु, त्रिभुवन/नीजी कलेजसँग साँठगाँठ गरिरहनु, आदि घटनाले विश्वविद्यालयका पदाधिकारी तथा जिम्मेवार निकायहरू पतित भएको पुष्टि भैसकेको छ। यसबाहेक अनेकौं पटक त्रि वि ले प्रश्नपत्रहरू लापरवाहीपूर्ण तरिकाले तयार गर्दै आइरहेको हुनाले त्रि. वि. विद्यार्थीहरूको केन्द्र हुँदै गइरहेको तथ्यप्रति नेपाल विद्यार्थी संघ घोर निन्दा गर्दछ।

साथै परीक्षाजस्तो संवेदनशील विषयमा लापरवाही गर्दै पटकपटक विद्यार्थीको भविष्य कुल्चने दुष्प्रयास गरिरहेका यी पदाधिकारीहरू रहिरहे विश्वविद्यालय ध्वस्त हुने निश्चित भैसकेकोले पदमा बस्न उपयुक्त देखिदैन। प्रश्नपत्र निर्माण, परिक्षा सञ्चालन तथा परीक्षाफल प्रकाशनलगायतका विषयहरूमा संवेदनशील बन्दै परीक्षामा विश्वसनीयता तथा वैधता कायम गर्न नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति जोडदार माग गर्दछ।
प्रश्नपत्र निर्माण तथा नियमन गर्ने निकायका जिम्मेवार व्यक्तिहरू तथा सम्पूर्ण पदाधिकारीहरूलाई कारवाहीको दायरामा नल्याएको खण्डमा त्रिभुवन विश्वविद्यालयका विरुद्धमा नेपाल विद्यार्थी संघ आन्दोलनको अधिघोषणा सिर्जना गरि अमोलुक कदम पनि उठाउन बाध्य हुनेछ, साथै उक्त कदमबाट उत्पन्न परिस्थितिको जिम्मेवार स्वयम् त्रि वि पदाधिकारी हुनुपर्ने कुराको चेतावनीसमेत दिन चाहान्छौं। जय नेपाल!

दुगाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति

P.O. Box : 7726, Anamnagar,Kathmandu,Nepal
Tel./Fax: +977-01-4425941, E-mail: info@nsu.org.np
www.nsu.org.np